आज मिति २०८[illegible] असार महिनाको २५ गते सोमवारका दिन यस बेसिशहर नगर पालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा बसेको बेसिशहर नगरपालिकाको "तेह्रौं" नगरसभा अधिवेशन (दोस्रो नगरसभाको तेस्रो अधिवेशन) को दोस्रो बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम छ ।

## उपस्थिति :–

| क्र.स. | पद | नाम थर | वडा | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | गुमान सिंह अर्याल | ९ | |
| २ | उप प्रमुख | पद्मा गुरुङ | ९ | |
| ३ | वडा अध्यक्ष | दुर्गा बहादुर बुढाथोकी | १ | |
| ४ | वडा अध्यक्ष | मदन बहादुर राना | २ | |
| ५ | वडा अध्यक्ष | चित्र बहादुर दनाइ | ३ | |
| ६ | वडा अध्यक्ष | गम बहादुर गुरुङ | ४ | |
| ७ | वडा अध्यक्ष | इन्द्र बहादुर गुरुङ | ५ | |
| ८ | वडा अध्यक्ष | प्रकाश थापा | ६ | |
| ९ | वडा अध्यक्ष | ऋषिराम बस्नेत | ७ | |
| १० | वडा अध्यक्ष | पवित्रा थापा राना | ८ | |
| ११ | वडा अध्यक्ष | खुशीजङ गुरुङ | ९ | |
| १२ | वडा अध्यक्ष | गंगा बहादुर थापा | १० | |
| १३ | वडा अध्यक्ष | शिव प्रसाद जोशी | ११ | |
| १४ | कार्यपालिका सदस्य | हिरालाल विश्वकर्मा | १० | |
| १५ | कार्यपालिका सदस्य | श्रीनाथ दुलाल | ३ | |
| १६ | कार्यपालिका सदस्य | कल्पना थापा बोहरा | ८ | |
| १७ | कार्यपालिका सदस्य | विमला न्यौपाने अधिकारी | १ | |
| १८ | कार्यपालिका सदस्य | सुकमाया गुरुङ | ६ | |
| १९ | कार्यपालिका सदस्य | सुकमाया घर्ति | ६ | |
| २० | कार्यपालिका सदस्य | मनिता परियार | ७ | |
| २१ | वडा सदस्य | दिपक अधिकारी | १ | |
| २२ | वडा सदस्य | डिल बहादुर गुरुङ | १ | |
| २३ | वडा सदस्य | रुपमा सार्की | १ | |
| २४ | वडा सदस्य | गुमान सिंह कंडेल | २ | |
| २५ | वडा सदस्य | वम बहादुर गुरुङ | २ | |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

| क्र.स. | पद | नाम थर | वडा | हस्ताक्षर |
|---|---|---|---|---|
| २६ | वडा सदस्य | रिता अधिकारी | २ | |
| २७ | वडा सदस्य | लिलामाया विश्वकर्मा | २ | |
| २८ | वडा सदस्य | कृष्ण भुजेल | ३ | |
| २९ | वडा सदस्य | महेश कुमार भुजेल | ३ | |
| ३० | वडा सदस्य | उषादेवी बराल | ३ | |
| ३१ | वडा सदस्य | हिराकुमारी मजाकोटी | ३ | अनुपस्थित |
| ३२ | वडा सदस्य | कन्याकाशी गुरुङ | ४ | |
| ३३ | वडा सदस्य | चन्द्रमान गुरुङ | ४ | |
| ३४ | वडा सदस्य | जुनसरी गुरुङ | ४ | |
| ३५ | वडा सदस्य | सलिना विश्कर्मा | ४ | |
| ३६ | वडा सदस्य | टेकराम तामाङ | ५ | अनुपस्थित |
| ३७ | वडा सदस्य | नरेन्द्र जङ गुरुङ | ५ | |
| ३८ | वडा सदस्य | डिल कुमारी गुरुङ | ५ | |
| ३९ | वडा सदस्य | बविता विक | ५ | |
| ४० | वडा सदस्य | सोम बहादुर रिमाल | ६ | |
| ४१ | वडा सदस्य | गोमा सार्की | ६ | |
| ४२ | वडा सदस्य | खड्ग बहादुर थापा | ७ | |
| ४३ | वडा सदस्य | गोविन्द बस्नेत | ७ | |
| ४४ | वडा सदस्य | अमृतलाल श्रेष्ठ | ८ | |
| ४५ | वडा सदस्य | सरोज कुमार दनाइ | ८ | |
| ४६ | वडा सदस्य | लक्ष्मी सार्की | ८ | |
| ४७ | वडा सदस्य | रवि थापा | ९ | अनुपस्थित |
| ४८ | वडा सदस्य | होमराज गुरुङ | ९ | |
| ४९ | वडा सदस्य | शोभा अधिकारी | ९ | |
| ५० | वडा सदस्य | प्रमिता विक | ९ | |
| ५१ | वडा सदस्य | किम प्रसाद गुरुङ | १० | |
| ५२ | वडा सदस्य | नारायण तामाङ | १० | |
| ५३ | वडा सदस्य | सन्तकुमारी गुरुङ | १० | |
| ५४ | वडा सदस्य | कमला परियार | १० | |
| ५५ | वडा सदस्य | विजयराज सेढाइ | ११ | अनुपस्थित |
| ५६ | वडा सदस्य | भरत बहादुर बस्नेत | ११ | |
| ५७ | वडा सदस्य | जमुना श्रेषठ | ११ | |
| ५८ | वडा सदस्य | काली सार्की | ११ | |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेसीशहर, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३

बेसीशहर नगरपालिकाको मिति २०८०।०३।२५ मा सम्पन्न नगरसभाको तेह्रौं अधिवेशनका निर्णयहरु

## बेसीशहर नगरपालिकाको मिति २०८०।०३।२५ मा सम्पन्न तेह्रौं नगरसभा अधिवेशनबाट पारित निर्णयहरु

१। नगर उपप्रमुख श्री पद्मा गुरुङबाट नगरसभाको १३ औं अधिवेशन समक्ष पेश भएको बेसीशहर नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को बार्षिक नीति, कार्यक्रम तथा बजेट (अनुसूची १ बमोजिम) स्वीकृत गर्ने निर्णय गरियो ।

२। बेसीशहर नगरपालिकाको गत आर्थिक बर्ष २०७८/०७९ को यथार्थ आय व्यय, चालु आर्थिक बर्ष २०७९/०८० को संशोधित आय व्यय तथा आगामी आर्थिक बर्ष २०८०/८१ को प्रस्तावित आय व्यय (अनुसूची २ बमोजिम) स्वीकृत गर्ने निर्णय गरियो ।

३। बेसीशहर नगरपालिकाको आ.व.२०८०।०८१ को कुल चालु र पूँजीगत बजेट देहाय बमोजिम रहेको निर्णय गरियो ।

**देहाय:** ( रु हजारमा )

| सि.नं. | शिर्षक | जम्मा | प्रशासनिक | कार्यक्रम |
|---|---|---|---|---|
| १ | नगरपालिकाको आन्तरिक श्रोत | १४२६३६ | ३२७०६ | १०९९३० |
| १।१ | आन्तरिक आय | २७३३६ | ० | ० |
| १।२ | आर्थिक बर्षको अन्तमा जिम्मेवारी सर्ने | ८०००० | ० | ० |
| १।३ | स्थानीय राजश्व | ३५३०० | | ० |
| २ | समानीकरण अनुदान/संघीय सरकार | १३१९०० | ० | १३१९०० |
| ३ | राजश्व बांडफाट/संघीय सरकार | १०९३७६ | ९७६९४ | ११६८२ |
| ४ | समानीकरण अनुदान/प्रदेश सरकार | १८१११ | ० | १८१११ |
| ५ | राजश्व बांडफाट/प्रदेश सरकार | १६०३७ | ७८०० | ८२३७ |
| | **१ देखि ५ सम्म जम्मा** | **४१८०६०** | **१३८२००** | **२७९८६०** |
| | | | चालु | पूंजीगत |
| ६ | संघीय सशर्त अनुदान | ३०८७०० | ३००७०० | ८००० |
| ७ | संघीय विशेष अनुदान | ६००० | ० | ६००० |
| ८ | संघीय समपुरक अनुदान | २४००० | ० | २४००० |
| ९ | प्रदेश सशर्त अनुदान | ९००० | ९००० | ० |
| १० | प्रदेश विशेष अनुदान | ० | ० | ० |
| ११ | प्रदेश समपुरक अनुदान | ५००० | ० | ५००० |
| १२ | पर्यटन प्रवर्द्धन विकास आयोजना | १६५०० | ० | १६५०० |
| १३ | सडक बोर्ड | १०००० | ० | १०००० |
| | **६ देखि १३ सम्म जम्मा** | **३७९२००** | **३०९७००** | **६९५००** |
| | **कुल जम्मा** | **७९७२६०** | **४४७९००** | **३४९३६०** |
| | **प्रतिशत** | | **५६.१८** | **४३.८२** |

४। यस बेसीशहर नगरपालिकाको आगामी आ.व. २०८०/०८१ का लागि करका दरहरु तथा राजश्व परिचालनका लागि बेसीशहर नगरपालिकाको आर्थिक विधेयक २०८० स्वीकृत गर्ने निर्णय गरियो । (अनसुचीं ३)

५। बेसीशहर नगरपालिकाको आगामी आ.व. २०८०/०८१ को लागि संचित कोषबाट खर्च गर्ने तथा एक शिर्षकबाट अर्को शिर्षकमा रकमान्तर गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विनियोजन विधेयक २०८० स्वीकृत गर्ने निर्णय गरियो । (अनुसूची ४)

मान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिकाको मिति २०८०।०३।२५ मा सम्पन्न नगरसभाको तेह्रौं अधिवेशनका निर्णयहरु

६। बेसीशहर नगरपालिकाको आर्थिक बर्ष २०८०।०८१ को नगरस्तरीय तथा वडास्तरीय योजना तथा कार्यक्रमहरु (अनुसूची ५ वमोजिम) स्वीकृत गर्ने निर्णय गरियो ।

७। बेसीशहर नगरपालिकाको आ.व. २०८०।०८१ को सशर्ततर्फका योजना तथा कार्यक्रमहरु (अनुसूची ६ वमोजिम) स्वीकृत गर्ने निर्णय गरियो ।

८। आगामी आर्थिक वर्ष २०८०/०८१ को नगर तथा वडास्तरीय योजनामा समावेश हुन नसकेका, समावेश भए पनि पर्याप्त बजेट विनियोजन गर्न नसकिएका अनुसूची ७ वमोजिमका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकताको आधारमा श्रोत उपलब्ध गराउन प्रदेश तथा संघीय सरकारका निकायहरुमा सिफारिशका साथ अनुरोध गर्ने निर्णय गरियो ।

९। संघीय र प्रदेश सरकारसंग दोहोरो पर्ने योजनाहरुमा आपसी तादम्यता मिलाउन, दोहोरोपना व्यवस्थित गर्न एवम् आवश्यक संशोधन समेत गर्न नगर कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

१०। विशेष कारणवश स्वीकृत बजेट अनुसार श्रोत उपलब्ध हुन नसक्ने परिस्थिति सिर्जना भएमा स्वीकृत योजना तथा कार्यक्रमहरुमा विनियोजित बजेट समानुपातिक तवरले समायोजन गर्न कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

११। बेसीशहर नगरपालिकाको आ.ब २०७९/०८० मा भएका नगर कार्यपालिकाको बैठकका निर्णयहरु, आय व्यय बिवरण तथा खर्चहरु, बिभिन्न समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

१२। बेसीशहर नगरपालिकामा कार्यरत अस्थायी तथा करार सेवातर्फका कर्मचारीहरुको म्याद थप तथा कर्मचारीहरुको सेवा सुविधा र कार्यशर्तहरुको सम्वन्धमा निर्णय गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

१३। आव २०८०/०८१ को लागि स्वीकृत भएका योजना तथा कार्यक्रमहरु रकमान्तर वा संशोधन नगरसभाको चौधौं अधिवेशन वा २०८० माघ मसान्तसम्म सम्पन्न गर्ने निर्णय गरियो ।

१४। नगरसभाबाट देहाय बमोजिको अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

क)स्वीकृत बार्षिक नगर विकास कार्यक्रम तथा बजेटलाई प्राथमिकता र आवश्यकताको आधारमा सामान्य संशोधन, थपघट, हेरफेर वा परिमार्जन गर्ने ।

ख)नगरपालिकाका श्रोतहरुको सम्भावनाको आधारमा राजश्व परमर्श समितिको सिफारिसमा सम्पति कर, दस्तुर, महसुल, शुल्कमा संशोधन तथा हेरफेर गर्ने वा नयाँ क्षेत्र पहिल्याइ कर कायम गर्ने ।

ग)नगरपालिकाको तर्फबाट लक्षित बार्षिक कार्यक्रमको उद्देश्य पुरा हुने गरि सहयोगी दातृ निकाय एवं साझेदार संघ संस्थाहरुसँग द्विपक्षीय, बहुपक्षीय सम्झौता एवं समझदारी गर्ने ।

१५। यस कार्यालयमा कार्यरत कर्मचारीको आ.व. २०७९/०८० को बार्षिक तलबी प्रतिवेदन समर्थन गरी आगामी आ.व. २०८०/०८१ को लागी प्रस्तावित तलबी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

१६। नेपालको संविधान वमोजिम संघियताको मर्म र सिद्धान्त अनुसार स्थापना भएको तीन तहका सरकार मध्ये विकास, योजना तथा बजेट कार्यान्वयनमा सवैभन्दा प्रभावकारी, मितव्ययी, स्थानीय जनता र समुदायसंगको प्रत्यक्ष पहुंचमा स्थानीय तह रहेको हुंदा संघीय सरकार र प्रदेश सरकारवाट स्थानीय तहलाई दिईने समानीकरण लगायतका अनुदान वृद्धि गर्नुको सट्टा कटौती हुनु दुःखद विषय भएकोले समुदायको प्रभावकारी विकास र समृद्धिको लागि आगामी आर्थिक वर्षदेखि स्थानीय तहलाई उपलब्ध गराउने अनुदानमा वृद्धि गर्ने व्यवस्था हुन संघीय र प्रदेश सरकारको ध्यानाकर्षण गराउने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिकाको मिति २०८०।०३।२५ मा सम्पन्न नगरसभाको तेह्रौं अधिवेशनका निर्णयहरु

१७। स्थानीय तहहरुले विद्यमान कानुनी व्यवस्था वमोजिमको योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी स्थानीय तहको सभाबाट योजनाहरु बर्गिकरण गरी आफूले कार्यान्वयन गर्ने तथा आफ्नो आर्थिक क्षमताले मात्र नभ्याउने प्रकृतिका योजना तथा कार्यक्रमहरु प्राथमिकीकरण गरी सभाबाट पारित गरी कार्यक्रम तथा बजेटमा समावेश गर्ने व्यवस्थाको लागि संघीय र प्रदेश सरकारमा सिफारिशका साथ अनुरोध गर्ने गरिएको हुंदा संघीय र प्रदेश सरकारबाट बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीयतहको सिफारिशको आधारमा योजना तथा कार्यक्रम छनौट हुने व्यवस्थाको लागि संघीय र प्रदेश सरकारको ध्यानाकर्षण गराउने निर्णय गरियो ।

१८। संविधानको मर्म अनुसार स्थानीयतह, प्रदेश र संघीय सरकारविच श्रोतसाधन, योजना, वजेट र जनशक्ति परिचालनको लागि समन्वय, सहकार्य र सह-अस्तित्वको सिद्धान्त अनुरुप अघि बढाई यसलाई प्रभावकारी, सार्थक र मूर्त रुप दिन संघीय र प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

१९। प्रभावकारी सेवाप्रवाह, विकास र समृद्धिमा स्थानीयतहको अहं भुमिका भएकाले स्थानीयतहको आवश्यक कर्मचारी दरवन्दी पदपुर्ति तत्काल गराउने व्यवस्थाको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको ध्यानाकर्षण सहित अनुरोध गर्ने निर्णय गरियो ।

२०। नगरपालिकामा हुनसक्ने विपद् जोखिमको न्यूनीकरण, सचेतीकरण र आकस्मिक राहतको लागि जिल्ला स्थित सरोकारवाला निकायहरुसंगको समन्वय र सहकार्यलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

२१। लमजुङ जिल्लाको सदरमुकाम बेसीशहर र मनाङ जिल्लाको एकमात्र पहुंच सडक मार्गको रुपमा रहेको डुम्रे-बेसीशहर-चामे सडक खण्डको बेनपा १ उदीपुर र बेनपा ६ खरखरे चण्डीस्थान पहिरो नियन्त्रण गरी यातायात सुचारु ढंगले सञ्चालनको व्यवस्था मिलाउन सम्वन्धित निकायहरु-डुम्रे-बेसीशहर-चामे सडक आयोजना कार्यालय र सडक डिभिजन कार्यालय दमौलीसंग सहकार्य र समन्वय गर्ने निर्णय गरियो ।

२२। लमजुङ जिल्ला अस्पतालको आधारभूत सेवालाई सरल, सहज, चुस्त र प्रभावकारी बनाउन, विशेषज्ञ सेवालाई सदृढ र विस्तार गर्न, आवश्यक जनशक्ति र उपकरणको आपूर्ती व्यवस्था मिलाउन तथा अन्य भौतिक सुविधाहरुको स्तरोन्नति गर्न नगरपालिकाको तर्फबाट आवश्यक पहल गर्ने निर्णय गरियो ।

२३। छिनछिनमा विद्युत जाने समस्याले बेसीशहर तथा लमजुङबासीहरु आजित भएको सन्दर्भमा लमजुङ जिल्लामा नियमित र अविछिन्नरुपमा विद्युत आपूर्तीको व्यवस्था मिलाउन नेपाल विद्युत प्राधिकरण लमजुङ वितरण केन्द्रलाई अनुरोध गर्ने निर्णय गरियो ।

२४।आफ्नो नाममा जग्गा नभएको कारण बेसीशहर नगर कार्यपालिकाको प्रशासकीय भवन हालसम्म निर्माण हुन नसकी हाल मालपोत कार्यालयमा नापी कार्यालयलाई व्यवस्थापन गरी नापी कार्यालय भवनमा नगर कार्यपालिका रहेको अवस्थामा बेसीशहर नगरपालिका वडा नं ८ स्थित जिल्ला समन्वय समितिको (साविक जिल्ला विकास समिति) को नाममा रहेको पुरानो भवन भएको जग्गा बेसीशहर नगरपालिकाको नाममा उपलब्ध हुने व्यवस्थाको लागि नेपाल सरकार समेतमा अनुरोध गर्ने निर्णय गरियो ।

२५। नगरपालिकाको जिन्सी निरीक्षण प्रतिवेदन बमोजिम लिलामी वा मिनाहा गर्नुपर्ने भनी एकिन भएका जिन्सी मालसामानको नियमानुसार लिलामी वा मिनाहाको प्रक्रिया अगाडि बढाउन नगर कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

२६। आ.व. ०७८/०७९ को लेखा परिक्षण प्रतिवेदनमा औंल्याएका बेरुजु समयमै असुल उपर गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

२७। उपभोक्ता समिति मार्फत संचालन हुने पूर्वाधारतर्फका योजनामा कार्यालयले २.५ प्रतिशतको दरले कन्टेन्जेन्सी रकम काट्ने निर्णय गरियो ।

२८।न्यायिक समितिबाट आ.व. ०७९/८० मा सम्पादन भएका कार्यहरु समेत समेटिएको न्यायिक समितिको प्रतिवेदनलाई अनुमोदन गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिकाको मिति २०८०।०३।२५ मा सम्पन्न नगरसभाको तेह्रौं अधिवेशनका निर्णयहरु

२९। नगरपालिकामा आकस्मिक रुपमा, विपद्जन्य घटनाको रुपमा तथा अपर्झट आइपर्ने विभिन्न योजना, कार्यक्रम तथा राहतजन्य सहयोगमा नगरप्रमुखको तोक आदेशबाट निर्णय गरी कार्यान्वयनमा लैजाने र नगरसभाबाट अनुमोदन गर्ने कार्यलाई साविक झैं निरन्तरता दिने निर्णय गरियो ।

३०। चालु आ.व २०७९।८० को समय समयमा नगरप्रमुखको तोक आदेश वमोजिम भएका खर्च तथा सम्पूर्ण काम कारबाही अनुमोदन गर्ने निर्णय गरियो ।

३१। नगर कार्यपालिका बाहेक नगर प्रमुखको अध्यक्षतामा बस्ने अन्य बैठकमा रु. १५००।०, उपप्रमुख र प्रमुख प्रशासकिय अधिकृतको अध्यक्षतामा बस्ने बैठकमा रु. १०००।० बैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

३२। वडा अध्यक्षको अध्यक्षतमा बस्ने वडा समितिको बैठकमा सहभागी हुने वडा समितिका पदाधिकारीहरु तथा सहयोगी कर्मचारीहरुले एक आर्थिक बर्षमा १५ वटा बैठक सम्मको रु १०००। का दरले बैठक भत्ता पाउने निर्णय गरियो ।

३३। न्यायिक समितिको बैठक बसे बापत मासिक बढीमा ३ वटा बैठकको बैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

३४। यस बेसीशहर नगरपालिकाको क्षेत्रभित्र सार्बजनिक निर्माण, बस्तु तथा सेवाको दररेट निर्धारणको लागि तपशिल अनुसारको दररेट समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| नगर प्रमुख | अध्यक्ष |
| नगर उप प्रमुख | सदस्य |
| प्रमुख /प्रतिनिधि जिल्ला प्रशासन कार्याल | सदस्य |
| प्रमुख/प्रतिनिधि कोष तथा लेखा नियन्त्रक कार्यालय | सदस्य |
| प्रमुख पूर्वाधार विकास कार्यालय | सदस्य |
| प्रमुख डिभिजन बन कार्यालय | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| उद्योग बाणिज्य संघ, लमजुङ्ग | सदस्य |
| निर्माण ब्यबसायी संघ, लमजुङ्ग | सदस्य |
| पूर्वाधार बिकास शाखा प्रमुख (इन्जिनियर) | सदस्य सचिब |

नोट : आबश्यक परामर्शको लागि आमन्त्रित रहन सक्नेछन ।

३५। नगरपालिका क्षेत्र भित्र रहेका बाटो, खोला, खोल्सी, कुलो, नदीनाला तथा सार्वजनिक स्थलहरुको मापदण्ड निर्धारण गर्न सम्बन्धित वडाको वडाध्यक्ष, एक जना वडासदस्य र एक जना प्राविधिक रहेको समितिलाई निरन्तरता दिई सो प्राविधिक समितिको प्रतिवेदनको आधारमा मापदण्ड कायम गर्नको लागि नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

३६। यस नगरपालिकामा विभिन्न पदमा करारमा कार्यरत रहेका कर्मचारीहरुसंग आ.व. २०७९/०८० मा गरिएका करार सम्झौता, पारिश्रमिक र सेवा सुविधा सम्वन्धमा गरिएका निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

३७ सार्वजनिक निजी साझेदारीको अवधारणा वमोजिम बिबिध कार्यक्रमलाई अगाडी बढाउन र संघीय तथा प्रदेश सरकारसंग साझेदारीमा गरिने बिभिन्न कार्यक्रम संचालन गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिकाको मिति २०८०।०३।२५ मा सम्पन्न नगरसभाको तेह्रौं अधिवेशनका निर्णयहरु

३८।यस नगरपालिका भित्र रहेका सडक एवं वाटोहरुको लगत कट्टा गर्न मालपोत तथा नापी कार्यालयहरुसँग समन्वय गरी कार्यान्वयन गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

३९। बेसीशहर नगरपालिका वडा नं ३, ७, ८ र १० को वडा कार्यालय भवन निर्माणको लागि प्रदेश तथा संघीय सरकारसंग अनुरोध गर्ने निर्णय गरियो ।

४०। बजार तथा बजारोन्मुख क्षेत्रमा नगरपालिका र स्थानीय समुदायको लागत साझेदारीमा सडक कालोपत्रे तथा ढलान कार्यको लागि साविक वमोजिम नै नगरपालिकाको ६०% र स्थानीय समुदायको ४०% लागत साझेदारी रहने गरी निर्माण कार्य गराउने निर्णय गरियो ।

४१। २०८२ सम्ममा बेसीशहर नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्ने गरी कार्य अघि बढाउने र यसको लागि बालमैत्री स्थानीय शासन पद्धतिलाई नगरपालिका र वडाहरुले अवलम्बन गर्ने साथै बालबालिका लक्षित कार्यक्रम सञ्चालन गर्दा बालमैत्री स्थानीय शासनका सूचकहरु पुरा गर्न मद्धत पुग्ने खालका कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

४२।बेसीशहर नगरपालिका वडा नं ४ स्थित पुरानोकोट गढीमा निर्माण गरिएको शान्ति स्तुपा सहितको भ्यूटावरको लागि सम्झौता वमोजिम उपलब्ध गराउनु पर्ने बाँकी रकम रु. १ करोड ६५ लाख आ.व. २०८०।०८१ मा बेसीशहर नगरपालिकालाई उपलब्ध गराइदिने व्यवस्थाको लागि नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रायसंग अनुरोध गर्ने निर्णय गरियो ।

४३।बेसीशहर क्षेत्रको फोहरमैलाको दीर्घकालिन व्यवस्थापन र ढल व्यवस्थापनको लागि आवश्यक कार्य गर्न तथा सहकार्य गर्न नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

४४। बेसीशहर नगरपालिकामा कार्यक्रम तथा बजेट पेश गर्ने देहायका गैर सरकारी संघसंस्थाहरुको आगामी आव २०८०।०८१ को अनुसूची ७ वमोजिमको योजना तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

क. ग्रामीण सामुदायिक विकास केन्द्र, बेसीशहर, लमजुङ

ख.कोशिश नेपाल

४५।यस वेसीशहर नगरपालिकाको नगरसभाको तेह्रौं अधिवेशन सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण वुद्धिजीवी, समाजसेवी, राजनीतिक दलका प्रतिनिधिहरु, नागरिक समाज, उद्यमी, व्यवसायी, नगरवासी, सञ्चारकर्मी र नगरसभाका लागि खट्ने सम्पूर्ण कर्मचारीहरुमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

४६।उपरोक्त निर्णयहरु नगर सभाका सभासद्हरुको उपस्थितिमा सर्वसम्मतिवाट पारित गरी नगरप्रमुख एवं अध्यक्षज्यूको आदेशानुसार नगरसभाको तेह्रौं अधिवेशन आज मिति २०८० असार २५ गते सोमबार सु-सम्पन्न गरियो ।

४७। नगरसभाको तेह्रौं अधिवेशनका निर्णयहरु, आर्थिक ऐन २०८०, विनियोजन ऐन २०८०, योजना, कार्यक्रम तथा बजेट सहितको विवरण नगरप्रमुखबाट प्रमाणित गरी वेभसाइट तथा पुस्तक मार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख